**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 03 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९५

## उपराष्ट्रपति यादवद्वारा गढीमाई मन्दिरमा विशेष पूजा

प्रस, परवानीपुर, १७ मङ्सिर/

उपराष्ट्रपति रामसहाय यादवले सोमवार बाराको बरियारपुरस्थित मन्दिर परिसरमा आएका र सोमवार बिहान साढे १० बजे विश्वप्रसिद्ध गढीमाई मेलामा विशेष पूजा गरेर मूल पुजारीबाट

पशुबलिका लागि विश्वप्रसिद्ध यस मेलामा राँगाको बलि मङ्सिर २३ गते आइतवार र बोकालगायत पशुपक्षीहरूको



गढीमाई मन्दिरमा विशेष पूजा गरेका छन् । मङ्सिर १ गतेदेखि पञ्चवर्षीय गढीमाई मेला शुरू भएको हो । आज गढीमाई मन्दिरमा शुक्लपक्षको दिन मुख्य पूजा गरिने परम्परा रहेको र यसपटक उपराष्ट्रपति यादवबाट गढीमाई मेलाको विशेष पूजा गराइएको थियो ।

उपराष्ट्रपति यादव हेलिकप्टरबाट टीका ग्रहण गरेका थिए ।

आजदेखि गढीमाई मेलामा मुख्य पूजा हुने भनेर हिजैदेखि सो क्षेत्रमा भक्तजनहरूको भीड बढेको थियो । मेलामा देशी-विदेशी धार्मिक पर्यटकहरूको भीड बढ्न शुरू भएको छ। गढीमाई मेलामा नेपाल र भारतका विभिन्न स्थानहरूबाट ठूलो सङ्ख्यामा भक्तजनहरू आउँछन् ।

बलि मङ्सिर २४ गते सोमवार तोकिएको छ । राँगाको बलि व्यवस्थित भएपनि बोकालगायत पशुपक्षीको बलि व्यवस्थित हुने गरेको छैन । लाखौंको सङ्ख्यामा बोकाको बलि दिइने हुँदा गढीमाई मन्दिरको चार किल्ला निर्धारण गरेर बोकालगायत पशुपक्षीको चार किल्लाभित्र जहींकहीं बलि दिने गरिएको छ ।

## ढुङ्गा जफत गरी ठेक्का लगाउन निर्देशन

प्रस, निजगढ, १७ मङ्सिर/

बकैया खोलाबाट अवैधरूपमा ढुङ्गा निकाली निजगढ नगरपालिका-४ बाराको कुल ठेक्का परिमाण एक करोड तीन लाख ७६ हजार ७३० घन फिटबाट घटाइ मिलान हुनेगरी निकासी गर्न दिने अधिकृत राजीवकुमार झा, प्रहरी उपरीक्षक महेन्द्र खड्का, सशस्त्र प्रहरी उपरीक्षक सन्तोषबहादुर सिंह, समन्वय



कछडियाटोलमा अवैधरूपमा थुपारिएको ढुङ्गा । तस्वीरः प्रतीक

कछडियाबस्ती आसपास थुपारिएको दुई करोडभन्दा बढी मूल्यको सात हजार टचाक्टरभन्दा बढी ढुङ्गा जफत हुने भएको छ ।

जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साहको संयोजकत्वमा मङ्सिर १३ गते बिहीवार बसेको बैठकले अवैधरूपमा भण्डारण गरिएको ढुङ्गा, बोल्डरलगायतका नदीजन्य पदार्थको परिमाण यकीन गरी नियमानुसार ठेक्का लगाउन निजगढ नगरपालिकालाई जिसस, बाराले आइतवार निर्देशनात्मक पत्राचार गरेको हो ।

अवैधरूपमा थुपारिएका ढुङ्गाको तिहारअघि निजगढ नगरपालिकाले प्राविधिक टोली खटाइ नापजाँच गरी तथ्याङ्क लिएको थियो । तथ्याङ्क लिएको एक महीना बितिसक्दा पनि ढुङ्गालाई कानूनी दायरामा ल्याउन निजगढ नगरप्रमुख सुरथ पुरी, प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले आलटाल गर्दै आइरहेका थिए । ठूलो परिमाणको सो ढुङ्गालाई नदीजन्य पदार्थ सकार गर्ने ठेकेदार कम्पनी जय गणेश सप्लायर्स, नगरप्रमुख पुरी र प्रमुख प्रशासकीय अधिकृत बर्तौलाको कानूनी मापदण्डविपरीतको योजना थियो ।

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को बुदा नं ७ मा उत्खनन वा सङ्कलनको परिमाण नियन्त्रणको दफा नं (५) मा गाउँपालिका वा नगरपालिकाले ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था स्थानीय पालिकालाई दिएको छ । तर नदीजन्य पदार्थ ढुङ्गालाई कानूनी मापदण्डभित्र ल्याइ राजस्व सङ्कलन गर्न निजगढ नपाले आलटाल गरिरहेको देखिन्छ ।

नदीजन्य पदार्थको जथाभावी उत्खनन, सङ्कलन, बिक्री वितरण कार्य अविलम्ब रोकिनुपर्ने स्थानीयवासीको माग छ ।

यही मङ्सिर ७ गते शुक्रवार जिसस प्रमुख साह, प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, डिभिजनल वन अधिकारी आमेद चौधरीलगायतको संयुक्त टोलीले अवैधरूपमा ढुङ्गा थुपारिएको स्थान र क्रसर उद्योगको अनुगमन गरेपछि जिल्ला अनुगमन तथा समन्वय समितिको बैठकले ढुङ्गा जफत गर्ने निर्णय गरेको हो ।

नदीजन्य पदार्थको अनुगमन गर्दा मापदण्डविपरीत देखिए वा अवैध ठहरिए सोही अनुगमन टोलीले प्रायः अनुगमन गरेकै दिन वा सोको भोलिपल्ट बैठक बसी कानूनसम्मत ठोस निर्णय लिई सम्बन्धित पालिकाहरूलाई निर्देशनात्मक पत्राचार गर्ने गरेको थियो । अवैधरूपमा थुपारिएको सो ढुङ्गा करीब साढे तीन हजार घनमिटरभन्दा बढी रहेको बुझिन आएको छ ।

अवैधरूपमा थुपारिएको ढुङ्गा जफत हुने कुरा बाहिरिएसँगै निजगढ नपा-४ कछडियाटोलका स्थानीयहरू प्रतीक संवाददाता जीतलाल श्रेष्ठको घरमा सोमवार बिहान आएका थिए । उनीहरू सो कुरा बुझ्नका लागि नपाको कार्यालयमा पनि पुगेका थिए ।

## भत्केको गण्डक नहरको पुल कसले बनाउने ?

प्रस, वीरगंज, १७ मङ्सिर/

बहुदरमाई नगरपालिकाको बहुअरी गाउँनजीक रहेको गण्डक नहरको तिलावे पुल भत्केको ६ महीना बितिसक्दा पनि पुल निर्माणमा चासो देखाइएको छैन । पुल भत्किएको कारण अहिले आवतजावतमा समस्या भएको छ। अहिले चीसोमा खोला तरेर आवतजावत गर्न स्थानीयलाई समस्या भएको छ भने वर्षायाममा बाढीले पानीको सतह बढेर आवतजावत नै ठप्प हुन्छ ।

गण्डक नहर अन्तर्गतको यो पुल नहर निर्माणको क्रममा भारत सरकारको लगायतका कार्यको लागि गण्डक नहरछेउमा सडक र पुल निर्माण गरिए पनि पर्सा जिल्लाका बझियान र थरुहट सडक निर्माण नभएको समयमा यही सडक भएर सबै खाले सवारीसाधन सञ्चालन हुन्थ्यो। पुल भत्केको कारण अहिले तिलावे नदीमा डाइभर्सन बनाइ आवतजावत सुचारु गरिएको छ । तर बर्खायाममा डाइभर्सनले काम गर्ला जस्तो देखिन्न ।

सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय, गण्डकका प्रमुख मनोज पटेलले राजनीतिक दलहरूको पहलमा तिलावे पुल भत्किएकोबारे विभाग र मन्त्रालयलाई अवगत गराएको तर त्यहाँबाट पनि अहिलेसम्म पुल निर्माणका लागि कुनै जानकारी नआइसकेको बताए ।

बहुदरमाई नपाका प्रमुख सिंगासन साह तेलीले नपासँग पुल बनाउने सामर्थ्य नरहेको बताए । करोडौं खर्च धान्न सक्ने अवस्था छैन, त्यसैले यसमा सम्बन्धित निकाय, प्रदेश र सङ्घ सरकारको चासो जानुपर्ने नगरप्रमुख तेली बताउँछन् । पुलको अवस्था कमजोर भएदेखि नै प्रदेश र सङ्घीय सांसदहरू, मन्त्रीहरूले स्थलगत



सहयोगमा निर्माण भएको थियो । गण्डक सिंचाइ नहरका लागि निर्माण गरिएको यो पुलको आयु ५० वर्ष तोकिएको थियो । नितान्त गण्डक नहरको मर्मतसम्भार नदीमा रहेको गण्डक पुलको निर्माण सडक विभागले गर्ने सुनेको बताए । उनले यसबारेमा अहिलेसम्म आधिकारिक जानकारी नभएको बताए । प्रमुख पटेलले निरीक्षण गरिसकेका छन् । तर पुल कसले र कहिले बनाउने भन्नेबारेमा अहिलेसम्म टुङ्गो लगाउन नसकेको स्थानीयहरू बताउँछन् ।

## दुई स्थानमा काङ्ग्रेस, एक स्थानमा नेकपा (एस)

प्रस, रौतहट, १७ मङ्सिर/

रौतहट जिल्लाका तीन पालिकामा सम्पन्न उपनिर्वाचनमा नेपाली काङ्ग्रेस दुई स्थान र नेकपा (एकीकृत समाजवादी)ले एक स्थानमा विजय हासिल गरेका छन् ।

ईशनाथ नगरपालिका-७ बाट नेका उम्मेदवार शेख अब्दुल खलिल, राजपुर नगरपालिका-६ बाट नेकाकै समसे आलम विजयी भएका छन् । यसैगरी, गढीमाई नगरपालिका-८ बाट नेकपा (एस)का बजरङ्गीप्रसाद यादव विजयी भएका छन् ।



ईशनाथ नपामा नेका उम्मेदवार खलिलले ६२७ मत प्राप्त गरेर विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका शेख अनवरले ५७५ मत प्राप्त गरे ।

यसैगरी, राजपुर नगरपालिका-६ बाट नेका उम्मेदवार आलमले ७४४ मत प्राप्त गरी विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादीका जिकरुल्लाहले ४६३ मत प्राप्त गरेका थिए । त्यस्तै, गढीमाई नपा-८ बाट नेकपा (एस)का उम्मेदवार यादवले ६५५ मत प्राप्त गरेर विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी जिउतीदेवी यादवले ६३१ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालय, रौतहटका प्रमुख छोटेलाल दासले बताए ।

यस अघि २०७९ सालको निर्वाचनमा गढीमाई नगरपालिका-८ मा जनता समाजवादी पार्टी नेपालका उम्मेदवार रामज्ञाराय यादव निर्वाचित भएका थिए तर उनको मृत्युपछि सो पद रिक्त भएको थियो । यसैगरी, राजपुर नगरपालिका-६ मा नेकाका उम्मेदवार शेख मोजरे आलम निर्वाचित भएका थिए । उनको पनि हृदयघातबाट मृत्यु भएको थियो भने ईशनाथ नगरपालिका-७ मा नेकपा एमालेका उम्मेदवार शेख खलिउल्लाह भन्ने दशै मियाँ निर्वाचित भएका थिए तर उनको पनि एक वर्षको कार्यकाल पूरा गरी रोगले निधन भएपछि वडाध्यक्षको पद रिक्त भएको थियो । सोही रिक्त पदका लागि हिजो उपनिर्वाचन भएको र आज बिहान सोको नतीजा आएको हो । उपनिर्वाचनबाट एमाले र जसपा नेपाललाई यहाँ घाटा भएको छ भने नेका र नेकपा (एस)को एक/एक सिट बढेको छ ।

## भाठाधाममा चापाकल जडान, हस्तान्तरण

प्रस, वीरगंज, १७ मङ्सिर/

उपकार सेवा नेपालले पटेर्वासुगौली गाउँपालिका-१ भाठाधामस्थित दुग्धेश्वरनाथ मन्दिर परिसरमा पाँच थान चापाकल जडान गरेको छ । उपकार सेवा नेपालकी अध्यक्ष विद्याकुमारी सरावगीले सोमवार सो स्थानमा जडान गरिएका पाँच थान चापाकल मेला




समितिका अध्यक्ष अलखदेव महतो थारू र कोषाध्यक्ष रामेश्वर राउत थारूलाई हस्तान्तरण गरेको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए ।

दुग्धेश्वरनाथ मन्दिर भाठाधाममा वार्षिक चारपटक मेला लाग्ने गरेको छ । विभिन्न समयमा वार्षिक तीनपटक र साउनमा एक महीने मेला गरी चारपटक लाग्ने मेला भर्नका लागि नेपाल र भारतबाट लाखौंको सङ्ख्यामा भक्तजनहरू आउने गरेका छन् । मेला भर्न आउने भक्तजनहरूलाई पिउने

(बाँकी अन्तिम पातामा)

विचारसार र सुक्तिहरू

**झूटलाई मधुरताको आवश्यकता हुन्छ, सत्य त जहिले पनि तीतो नै हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# जहाँ सडक त्यहाँ विकास

**सडकको पहुँचले विकासको गतिलाई तीव्रता दिन्छ भन्नेमा दुईमत छैन । जहाँ सडक पुगेको छ, त्यहाँ व्यापार, शिक्षा, स्वास्थ्यलगायतका सेवा सहज भएका छन् । तराई–मधेस क्षेत्रका लागि हुलाकी सडक त्यस्तै महत्त्वाकाङ्क्षी योजना हो, जसले यस क्षेत्रको आर्थिक र सामाजिक रूपान्तरणमा नयाँ ढोका खोल्न सक्छ । तर वर्षौं बितिसक्दा पनि हुलाकी सडकको निर्माण अधूरो छ । यस योजनाको गति सुस्त हुँदा तराई–मधेसको विकास यात्रामा गतिरोध आएको छ । तराई–मधेसका कतिपय भागमा हुलाकी सडक निर्माण भएका छन् । ती अधुरा खण्डहरू निर्माणले समेत स्थानीय जीवनस्तरमा सुधार ल्याउन थालेका छन् । पहिले शहरसम्म पहुँच नपाएका किसानहरू अब आफ्नो उत्पादन खेतमैं कुहाएर बस्नुपर्ने अवस्थाबाट मुक्त भएका छन् ।**

**पराल, तरकारी, अन्नबाली र अन्य कृषि उत्पादनले राम्रो मूल्य पाउन थालेका छन् । व्यापारीहरू अब गाउँमा नै पुग्ने हुँदा कृषि उपजको मूल्यमा प्रतिस्पर्धा बढेको छ । यसको अलावा किसान आफैंले पनि आफ्नो उत्पादन बजारसम्म पुर्‍याएर बिक्री गर्न सक्ने भएका छन् । सडकको कारण ग्रामीण क्षेत्रहरू शहरसँग प्रत्यक्ष जोडिन थाले । एक गाउँ अर्को गाउँका उपभोक्तासम्म जोडिन थाले । शिक्षण, स्वास्थ्योपचार र व्यापारिक क्रियाकलापका लागि सहज भएको छ । तराई–मधेस क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म निर्धारित समयमा हुलाकी सडक निर्माण सम्पन्न भइदिएको भए यहाँका नागरिकको पहुँच र अवसर अझ व्यापक हुन्थ्यो । यथार्थ के हो भने हुलाकी सडकको मुख्य भाग अझै अधुरो छ । योजना शुरू भएको झन्डै तीन दशक बितिसक्दा पनि यो कामको गति कछुवा चालभन्दा फरक छैन । ठेक्का सकारेको काम समयमा सम्पन्न नगर्ने निर्माण कम्पनीहरूले पटकपटक ठेक्का लिएर पनि जिम्मेवारी पूरा गरेका छैनन् । त्यस्ता निर्माण कम्पनीलाई दण्डित गर्ने, कामको निगरानी गर्ने र आवश्यक बजेट समयमैं उपलब्ध गराउने जिम्मेवारी सरकारको हो । सरकारी निकायले जिम्मेवारी पूरा गर्नेतर्फ कति पनि चासो देखाएको छैन । सडक निर्माणको ठेक्कामा हुने राजनीतिक प्रभाव र भ्रष्टाचारले पनि यो योजना पछाडि धकेलिएको हो । राष्ट्रिय गौरवको योजना भनिए पनि स्थानीय तहदेखि सङ्घीय सरकारले समेत हुलाकी सडक निर्माण योजनालाई प्राथमिकतामा राखेको छैन । सडक निर्माण सम्पन्न भएका खण्डहरूमा पनि हुलाकी सडक बेवारिसे बनिरहेका छन् । यसको उपयोग मात्रै गर्ने तर संरक्षण, सम्भार र विस्तारतर्फ कसैले चासो नदिइरहेको अवस्था छ ।**

**हुलाकी सडकको निर्माणले केवल यातायात मात्र सहज बनाउने होइन, यसले तराई–मधेसको आर्थिक गतिशीलता र सामाजिक रूपान्तरणको सम्भावना बोकेको छ । यसर्थ यसलाई जतिसक्दो छिटो सम्पन्न गर्नु जरुरी छ । यसका निम्ति ठेक्का लिएका कम्पनीले समयमा काम नसकाएमा कडा कारबाहीको व्यवस्था गर्नुपर्छ । ठेक्का प्रक्रिया पारदर्शी बनाउँदै अनुभवी र सक्षम कम्पनीहरूलाई मात्र जिम्मेवारी दिनुपर्छ । सडक निर्माण प्रक्रियामा स्थानीय तहदेखि केन्द्रीय सरकारसम्मका निकायहरूले अनुगमन तथा निगरानी गर्नुपर्छ । समयमैं बजेट निकासा, प्राविधिक जनशक्तिको व्यवस्थापन र आवश्यक उपकरणको उपलब्धता सुनिश्चित गर्न सङ्घीय सरकारले तदारूकता देखाउनुपर्छ । लाभान्वित क्षेत्रका स्थानीयको पनि चासो र सहभागिता आवश्यक छ । निर्माणले पूर्णता पाएपछि हुलाकी सडकले तराई–मधेसको सामाजिक र आर्थिक रूपान्तरणमा अद्वितीय भूमिका खेल्नेछ ।**

# वर्तमान निर्वाचन प्रणाली : देशका लागि काउसो

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**वर्तमान निर्वाचन प्रणालीलाई जनमुखी, वैज्ञानिक र पारदर्शी माध्यमबाट मात्रै समुन्नत बनाउन सकिन्छ । राजनीतिक भ्रष्टाचार नियन्त्रण गरी अर्थतन्त्रको सबलीकरण र सुशासन स्थापित गर्न पनि विद्यमान निर्वाचन प्रणालीमा आमूल सुधार आवश्यक छ ।**

सङ्घीयता आधुनिक शासन प्रणालीको उत्कृष्ट अवधारणा हो, तथापि यसको सफलता सञ्चालक कस्ता छन् भन्ने कुरामा निर्भर गर्दछ । शासन सञ्चालनका क्रममा सञ्चालकले विवेकशीलता प्रयोग गर्दा उपलब्धिमूलक हुन्छ भने बेमनासिब तरीकाले सञ्चालन गर्दा अर्थहीन बन्न जान्छ । हचुवाको भरको कार्यान्वयनले गाउँगाउँमा सिंहदरबार पुग्दैन । न संविधानका अक्षरले जनताले अनुभूतयोग्य सेवा दिन सक्छ । यसका लागि विद्यमान कानूनको विवेकशील कार्यान्वयन गर्दै छरितो सङ्घ, समन्वयकारी प्रदेश र बलियो स्थानीय तह बनाउन जरुरी छ । शासन ठूलो कुरा होइन, जुनसुकै वाद वा व्यवस्थाबाट गरिए पनि, सुशासन भने महत्त्वपूर्ण कुरा हो ।

विश्वमा सङ्घीयताको अनुभव हेर्दा समृद्धिको सहायक, सङ्घीय शासन मात्र हो भन्ने देखिन्न । सङ्घीयता हाम्रा लागि नौलो अभ्यास हो । यो कतिपय देशमा सफल त कतिपय देशमा असफल भएको छ । अमेरिका, क्यानडा, अस्ट्रेलियाजस्ता मुलुकमा सङ्घीय शासन व्यवस्था अब्बल छ । राजतन्त्रसहितको सङ्घीयता अवलम्बन गरेको नर्वे समृद्ध राष्ट्रमैं गनिन्छ ।

सुडान, नाइजेरिया, इथियोपिया, अफगानिस्तान, पाकिस्तानजस्ता देश सङ्घीय गणतन्त्र भए पनि भाँडभैलोमा रुमलिएका छन्, जहाँ जातीय, धार्मिक तथा साम्प्रदायिक युद्ध चर्किएका छन् । त्यसैगरी चीन, जापान, बेलायतजस्ता मुलुक एकात्मक भएर पनि स्थिर तथा समृद्ध छन् । नेपालको सङ्घीयता लागू गर्दा यिनै विश्व दृष्टान्तका अनुभव तथा उदाहरणको सूक्ष्म विश्लेषण र गहन अध्ययनलाई केन्द्रमा राखियो । वास्तवमा सङ्घीयता शरीर हो र कुनै अङ्गमा चोट लाग्दा अन्य अङ्गले मदत गर्नुपर्छ । आँखाबाट आँसु आउँदा हातले पुछ्नुपर्छ । एउटा अङ्गलाई चोट लाग्दा अर्को अङ्गले सहयोग र समन्वय गर्ने अन्तर्निर्भर सङ्घीयता हुनुपर्छ । त्यसको लागि हामीले खर्चिलो निर्वाचन प्रणालीमा तात्त्विक सुधार गर्नु ज्यादै जरुरी छ, नत्र यो सङ्घीयता गलगाँड हुनेछ ।

नेपालको वर्तमान निर्वाचन प्रणालीमा केही प्रमुख कमजोरीहरू छन्, जसले जनप्रतिनिधि छनोट प्रक्रिया प्रभावकारी हुन बाधा पुर्‍याएको छ । यी कमजोरीहरू निम्न छन् :

**१. पारदर्शिताको अभाव**

निर्वाचन प्रक्रियामा पारदर्शिता र उत्तरदायित्वको कमी देखिन्छ । मतगणना प्रक्रियामा अपारदर्शी प्रणाली र सार्वजनिक पहुँचको सीमितताले निर्वाचनको निष्पक्षतामा प्रश्न उठाउँछ ।

**२. पैसाको प्रभाव**

निर्वाचनमा धनाढ्य व्यक्तिहरूको प्रभाव बढ्दै गएको छ । पैसा खर्च गरेर प्रचार–प्रसार, मतदातालाई प्रभावित गर्ने र चुनाव जित्ने चलनले सामान्य नागरिकको पहुँच कम भएको छ ।

**३. राजनीतिक अस्थिरता**

पार्टीहरूको आन्तरिक कलह र गठबन्धनको राजनीतिले सरकार गठन र सञ्चालनमा समस्या ल्याउँछ । यसले लोकतान्त्रिक प्रणाली कमजोर बन्छ ।

**४. शिक्षा र सचेतनाको कमी**

ग्रामीण मतदाताहरूले मतदानको महत्त्व बुझ्न नसक्ने अवस्था छ । शिक्षा र राजनीतिक सचेतनाको कमीले योग्य व्यक्तिको छनोटमा असर पुर्‍याउँछ ।

**५. पहिचान र समावेशिताको अभाव**

विभिन्न जाति, लिङ्ग, र भूगोलको प्रतिनिधित्व समानरूपमा हुँदैन । महिला, आदिवासी जनजाति र अन्य सीमान्तकृत समुदायको सहभागिता अझै न्यून छ ।

**६. दण्डहीनताको अवस्था**

चुनावी आचारसंहिता उल्लङ्घन गर्ने उम्मेदवारविरुद्ध कडा कारबाई नहुनु अर्को प्रमुख समस्या हो । यो प्रवृत्तिले अन्यायपूर्ण प्रतिस्पर्धालाई प्रोत्साहन दिन्छ ।

**७. प्राविधिक र व्यवस्थापकीय कमजोरी**

इलेक्ट्रोनिक भोटिङ मेशीनको अभाव, मतदाता नामावलीमा त्रुटि र मतदाता परिचयपत्र वितरणमा समस्या जस्ता प्राविधिक चुनौतीहरूले पनि प्रणालीलाई प्रभावकारी बन्न दिंदैन ।

**८. माफियाकरण र अपराधीकरण**

राजनीतिक दलहरूले अपराधी पृष्ठभूमिका उम्मेदवारलाई अघि सार्ने प्रचलनले लोकतान्त्रिक प्रणालीप्रति जनताको विश्वास कमजोर बनाएको छ ।

**सुशासनका लागि निर्वाचन प्राणालीमा के सुधार गर्ने ? :**

देशमा सुशासन कायम गराउन अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुको विकल्प छैन ।

लोकतन्त्रमा सुशासन अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । सुशासनले नै लोकतन्त्रलाई सबल र सुदृढ पार्छ । सुशासन स्थापित गर्न निर्वाचन प्रणालीको असाध्यै महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यमान निर्वाचन प्रणालीले राजनीतिमा विकृति, विसङ्गति सिर्जना गरिरहेको छ ।

जब मुलुकमा विकृति र विसङ्गति बढ्न थाल्छ, तब सुशासनका मूल्य र मान्यता भत्कन थाल्छन् । परिणामतः जनतामा निराशा र आक्रोश बढ्छ । अनि, यसका लागि ‘प्रणाली’लाई दोषी देखाउन थालिन्छ । अहिले नेपाली राजनीतिमा देखा परेको समस्याको कारण विद्यमान निर्वाचन प्रणाली पनि एक हो भन्ने बुझाइलाई राजनीतिक दलहरूले गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्ने समय आएको छ ।

हाम्रो देशको निर्वाचन प्रणाली मिश्रित प्रकृतिको भए पनि पहिलो हुने निर्वाचित हुने प्रणाली नै हाबी भएको छ । यसो त पहिलो हुने निर्वाचित हुने प्रणालीमा ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीमा ४० प्रतिशत गरेर मिश्रित निर्वाचन प्रणाली अँगालेको भए पनि यो निर्वाचन प्रणाली दोषमुक्त हुन सकेको छैन । प्रत्यक्ष निर्वाचन प्रणालीमा पैसावालाहरूले टिकट प्राप्त गर्ने, निर्वाचन जित्न जति पनि पैसा खर्च गर्ने, धाँधली गर्ने, गुण्डागर्दी गर्ने, बुथ क्याप्चर गर्ने, जुन परिपाटीको विकास भएको छ, यसले पूँजीवादी निर्वाचन प्रणालीको भद्दा स्वरूपलाई मात्र उजागर गरेको छ । यसो त ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व भनिए पनि पार्टीका उपल्लो तहका नेताहरूको मिलेमतोमा आफन्त तथा परिवारजन, पैसावाल, उद्योगी–व्यापारी, जग्गा दलाल र मेनपावर व्यवसायीबाट पार्टीका नेताहरूले मोटो रकम लिएर समानुपातिकको उम्मेदवार बनाएर निर्वाचन आयोगमा बन्दसूची पठाउने काम हुने गरेको छ ।

संसदीय प्रणालीमा निर्वाचन नै सत्तामा पुग्ने माध्यम हो । निर्वाचनका माध्यमबाट जन अनुमोदित भएर श्रमजीवी वर्गको हितमा काम गर्न कम्युनिस्ट पार्टीहरूले कार्यनीति अवलम्बन गरे पनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै उपयोग गरिरहेका छन् । यो निर्वाचन प्रणालीको भद्दा स्वरूपले वास्तविक श्रमजीवी वर्गलाई सत्तामा पुगेर नेतृत्व गर्न कहिल्यै दिंदैन । अबको चुनाव पैसावालहरूको हुने भएको छ । वडा सदस्य र वडाध्यक्षमा चुनाव लड्न लाखौं खर्च गर्नुपर्ने, मेयर र उपमेयरले करोडसम्म खर्च गर्नुपर्ने तथा सङ्घ र प्रदेश तहका सांसद निर्वाचनमा त दुई–चार करोड नै खर्च गर्नुपर्ने जुन भयावह अवस्था छ, यसले मुलुकमा राजनीतिक पार्टीका उम्मेदवारले मात्रै अर्बौं खर्च गर्नुपर्ने स्थिति छ ।

मुलुकको सङ्घीय शासन व्यवस्था अनुरूप पूर्ण समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली लागू नहुँदा अहिले मुलुकमा राष्ट्रिय एकता कायम गर्न, वास्तविक श्रमजीवी, लिङ्ग, समुदायको सत्तामा प्रतिनिधित्व गराउन, आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न पनि गम्भीर चुनौती खडा भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा दलका उम्मेदवारले निर्वाचन क्षेत्रका कुल मतदाताको बहुमत ल्याउनु नपर्ने हुँदा, कुल मतदातामध्ये अल्पमतमा परेको दलको उम्मेदवार नै विजयी हुने जुन प्रणाली छ, यसले अन्य दलका पराजित उम्मेदवारको प्रतिनिधित्व राज्य व्यवस्थामा नहुने स्थितिले यो निर्वाचन प्रणालीले सङ्घीय शासन प्रणाली (दल, समुदायबिच सहमति, सहकार्य र समन्वयका आधारमा राज्य सञ्चालन गर्ने) को मूल मर्ममा प्रहार गरेको छ ।

सत्तारुढदलगायत सबै प्रतिपक्षी दलहरूले निर्वाचन अगाडि नै छलफल, विचार–विमर्श गरेर साझा धारणा बनाई आवश्यकता अनुसार संविधान र कानूनमा सुधार गर्न निम्न पक्षमा गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ :

**पहिलो** : निर्वाचन प्रणालीमा सुधार गरी देशमा सुशासन कायम गराउन अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छ । वा दलहरूले राष्ट्रियरूपमा पाएको मतका आधारमा सम्बन्धित निर्वाचन क्षेत्रका लागि पहुनिहु उम्मेदवार विजयी घोषणा गर्ने व्यवस्था गर्दा व्यक्तिगत तवरले उम्मेदवारले चुनावमा खर्च गर्नुपर्दैन । यस किसिमको निर्वाचनमा सम्बन्धित दलले अन्तिम उम्मेदवारको नामावली निर्वाचन आयोगमा बुझाउनु अगाडि सम्बन्धित निर्वाचन क्षेत्रकै पार्टी सदस्यबाट पार्टी केन्द्रको निर्वाचन आयोगको सहजीकरणमा सर्वसम्मत छनोट भएको वा निर्वाचित भएको उम्मेदवारलाई उम्मेदवारका रूपमा सिफारिश गर्ने व्यवस्था गर्नुपर्छ । यसरी उम्मेदवार छनोट र सिफारिश गर्दा मात्रै दलभित्र उम्मेदवार छनोटमा हुने पक्षपात, भेदभाव, गुटबन्दी र टिकट लिन मोटो रकम बुझाउनुपर्ने विकृत स्थितिको अन्त्य हुनेछ ।

**दोस्रो** : यसैगरी प्रत्यक्ष निर्वाचन प्रणालीमा नै समावेशी समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली बनाउनुपर्छ । राष्ट्रिय सभालाई चाहिं पूर्ण समानुपातिक समावेशीकरण गरेर जाति, लिङ्ग, पिछडिएको समुदाय, बुद्धिजीवी, श्रमिकलगायतको प्रतिनिधित्व हुनेगरी समानुपातिक सूचीको उम्मेदवारका लागि पनि सम्बन्धित निर्वाचन क्षेत्र र जिल्लाका कार्यकर्ताबाट छनोट भइआएको वा निर्वाचित भइआएको व्यक्तिलाई नै समानुपातिकको बन्द सूचीको उम्मेदवार बनाउने व्यवस्था मिलाउनुपर्छ ।

**तेस्रो** : अब तीनवटै तहको निर्वाचन एकैसाथ गर्ने गरी ऐन–कानूनमा सुधार गर्नुपर्छ ।

**चौथो** : निर्वाचनका लागि एउटा मात्र मतपत्र प्रयोग गर्नुपर्छ ।

**पाँचौं** : अनलाइन भोटिङ, डिजिटल भोटिङ र विदेशमा गएका आप्रवासी मतदाताले पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

**छैटौं** : निर्वाचन आयोगलाई निष्पक्ष, स्वतन्त्र र अधिकारसम्पन्न संवैधानिक आयोगका रूपमा विकास गर्न पदाधिकारीको नियुक्ति सम्बन्धमा आवश्यकता अनुसार संविधान, कानून र प्रक्रियामा सुधार गर्नुपर्छ र कर्मचारीतन्त्रमा विगतमा विवादित व्यक्तिलाई सेवानिवृत्त भएपछि नियुक्त गर्ने परिपाटी अन्त्य गर्नुपर्छ ।

**सातौं** : निर्वाचनमा हुने खर्च नियन्त्रण गर्न र राजनीतिक भ्रष्टाचार अन्त्य गर्न एकै व्यक्तिलाई पटक–पटक उम्मेदवार बनाउनुको सट्टा एकपटक उम्मेदवार भएको वा विजयी भएको व्यक्तिलाई उम्मेदवार बनाउनुपरेमा तेस्रो वा चौथोपटकको निर्वाचनमा मात्रै उम्मेदवार बनाउने, एकपटक समानुपातिक प्रतिनिधित्वबाट उम्मेदवार वा विजयी भएकालाई पुनः उम्मेदवार नबनाउने कानूनी व्यवस्था गरिनुपर्छ ।

**आठौं** : राजनीतिक दलहरूले उद्योगी, व्यापारीबाट चन्दा लिने कार्यमा पूर्णतः रोक लगाउनुपर्छ र दलहरूलाई निर्वाचन प्रचार–प्रसार गर्न राज्यकोषबाटै दलहरूले प्राप्त गरेको मतका आधारमा अनुदान उपलब्ध गराउने र महालेखा परीक्षकबाट लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्छ ।

**नवौं** : सांसदलाई विधेयक निर्माण र विकास निर्माणको अनुगमनमा भूमिका अभिवृद्धि गरी सांसदको सट्टा विज्ञहरूलाई मात्र मन्त्री बनाउने व्यवस्था गर्नुपर्छ ।

**दशौं** : राज्यको बढ्दो साधारण खर्च घटाउन हालको सांसद सङ्ख्या आधा घटाउने व्यवस्था गर्नुपर्छ ।

लोकतन्त्रमा आवधिक निर्वाचनमार्फत जनताको प्रतिनिधिले शासन गर्ने जुन परिपाटी छ, यसलाई जनमुखी, वैज्ञानिक र पारदर्शी निर्वाचन प्रणालीका माध्यमबाट मात्रै समुन्नत बनाउन सकिन्छ । राजनीतिक भ्रष्टाचार नियन्त्रण गरी अर्थतन्त्रको सबलीकरण र सुशासन स्थापित गर्न पनि विद्यमान निर्वाचन प्रणालीमा आमूल सुधार आवश्यक छ । यसका लागि सत्ता गठबन्धनका दललगायत सबै प्रतिपक्षी राजनीतिक दलले आसन्न निर्वाचनअगाडि नै संविधान र कानूनमा सुधार गर्न गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ ।

# अन्नपूर्ण क्षेत्रमा २२३ प्रजातिका सुनाखरी

गण्डकी, १७ मङ्सिर/रासस

अन्नपूर्ण संरक्षण क्षेत्रमा २२३ प्रजातिका सुनाखरी भेटिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले गरेको खोज तथा अन्वेषणका क्रममा आठ सय मिटरदेखि ४५ सय मिटरसम्मको उचाइमा ती प्रजातिका सुनाखरी पहिचान गरिएको हो ।

वरिष्ठ संरक्षण अधिकृत बाबुलाल तिरुवा नेतृत्वको टोलीले झन्डै एक वर्ष लगातार अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अनुसन्धान गरेको थियो । भौगोलिक विकटता र मौसम प्रतिकूलताका कारण कतिपय ठाउँमा पुग्न नसकिएको जनाउँदै संरक्षण अधिकृत तिरुवाले अन्नपूर्ण क्षेत्रमा सुनाखरीका अझै थप प्रजाति भेटिन सक्ने बताए । फूल फुल्ने एकदलीय बिरुवा प्रजातिमा पर्ने सुनाखरी जमीन (भुइँ),

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# बन्द तीन उद्योग कारबाही प्रक्रियामा

बाग्मती, १७ मङ्सिर/रासस

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले लामो समयदेखि बन्द तीन उद्योगमाथि कारबाही प्रक्रिया अघि बढाएको छ। विगत तीन/चार वर्षदेखि बन्द रहेको नेपाल ब्रुअरी प्रालि, ग्रीन गोल्ड इन्टरनेशनल प्रालि र बानियाँ मल्टी प्रोडक्ट प्रालिमाथि औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको हो।




विभिन्न कारणले बन्द रहेका ती उद्योग सञ्चालकलाई पटकपटक पत्राचार गरिए पनि सम्पर्कमा आउन नचाहेकाले कारबाही प्रक्रिया अघि बढाइएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयकी प्रमुख सङ्गीता कुँवरले बताइन्। "हामीले सञ्चालकलाई निरन्तर फोन र पत्राचार गरी बोलाइरहेका छौं," प्रमुख कुँवरले भनिन्, "तर तीमध्ये नेपाल ब्रुअरीका सञ्चालक सम्पर्कमा आउनुभएको छैन, ग्रीन गोल्ड र बानियाँ मल्टी प्रोडक्टका सञ्चालक केही समय सम्पर्कमा आएर उद्योग चलाउँछु भनेर जानुभएको थियो। त्यसपछि उहाँहरू पनि सम्पर्कमा आउनुभएन।"

उद्योगका लागि जग्गा ओगटेर राख्ने तर उद्योग नचलाउने गरेकाले कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख कुँवरको भनाइ छ। कारबाहीस्वरूप नेपाल ब्रुअरी प्रालिको विद्युत् लाइन काटिएको र अन्य कारबाही प्रक्रिया अघि बढाइएको उनले जानकारी दिइन्।

ग्रीन गोल्ड र बानियाँ मल्टी प्रोडक्ट उद्योगमा जडान गरिएको विद्युत् र खानेपानी लाइन काट्ने तयारी भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ। कार्यालयसँग सम्झौता गरेर पनि लामो समयदेखि उद्योग सञ्चालन नगर्ने पाँच उद्योगको सम्झौता खारेज गरिएको छ।

अमेरिकाको आर्थिक सहयोगमा विसं २०२० मा स्थापना भएको सो औद्योगिक क्षेत्रभित्र हाल १४४ वटा उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिई उद्योग सञ्चालन गरिरहेका छन्। कुल तीन हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको सो औद्योगिक क्षेत्रभित्र हाल १२ उद्योग निर्माणाधीन अवस्थामा छन्।

कुल क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार १७८ रोपनी, खाली जमीन २६ दशमलव ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निर्माण क्षेत्रफल ५९७ रोपनी रहेको छ। औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ वटा रहेका छन्।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्र हाताभित्रका उद्योग प्रतिष्ठानको आवश्यकता र मागका आधारमा औद्योगिक भवन, गोदाम, क्वाटर भवन र जग्गाको भाडा लिंदै आएको छ।

मुलुककै सबैभन्दा ठूलो यस औद्योगिक क्षेत्रमा सुरक्षा चुनौती बढ्दो छ। औद्योगिक क्षेत्रको चारैतिर पर्खाल लगाउन नसक्दा सुरक्षा चुनौती बढेको कार्यालय प्रमुख कुँवरले बताइन्।

औद्योगिक क्षेत्रको बीचबाटै सार्वजनिक बाटो भएकाले सुरक्षा चुनौती बढेको उनको भनाइ छ। "हामीले पर्खाल लगाउन पटकपटक प्रयास गर्‍यौं, तर स्थानीयले अवरोध गर्दै आएका छन्," प्रमुख कुँवरले भनिन्।



**क्रिकेटमय कीर्तिपुर क्रिकेट मैदानः** जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा कर्णाली याक्स र जनकपुर बोल्ट्सबीचको प्रतिस्पर्धाका क्रममा ड्रोनबाट देखिएको कीर्तिपुर क्रिकेट मैदान र दर्शकको दृश्य। तस्बिरः प्रदीपराज वन्त/रासस

# १२ प्रतिशत घरपरिवारमा कम्तीमा एकजना विधवा

ललितपुर, १७ मङ्सिर/रासस

राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालमा १२ प्रतिशत घरपरिवारमा कम्तीमा एकजना विधवा रहेको तथ्याङ्क सार्वजनिक गरेको छ। राष्ट्रिय जनगणना–२०७८ मा उल्लिखित तथ्याङ्कमा आधारित 'नेपालमा एकल महिला' शीर्षकको संक्षिप्त प्रतिवेदन सार्वजनिक गर्दै कार्यालयले १२ प्रतिशत घरमा कम्तीमा एक विधवा र दुई प्रतिशत घरपरिवारमा विधवाबाहेकका एकल महिला रहेको उल्लेख छ।

त्यस्तै, कम्तीमा एक विधवा महिला भएका घरपरिवार सुदूरपश्चिममा १४ प्रतिशत छन् भने कर्णाली प्रदेशमा ११ प्रतिशत छन्। प्रतिवेदनले ३५ वर्ष वा सोभन्दा माथिका विवाह नगरेका महिला, विधवा, पारपाचुके र भिन्न बसेका महिलालाई एकल महिला भनी परिभाषित गरेको छ। यसमा समग्र एकल महिलाका साथै विधवा महिलाको समेत छुट्टाछुट्टै अवस्था विश्लेषण गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) का विज्ञहरूको समूहले एकल महिला समूह (डब्ल्युएचआर)सँगको सहकार्यमा तयार गरिएको यो प्रतिवेदन विगतका जनगणना र सर्वेक्षणहरूका साथै संयुक्त राष्ट्रसङ्घले तयार गरेको जनगणनासम्बन्धी विभिन्न सिफारिशलाई समेत मनन गरी तथ्याङ्कको तुलनात्मक विश्लेषणका आधारमा तयार गरिएको हो।

प्रतिवेदन सार्वजनिक गर्दै राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य एवं एकल महिला समूह (डब्ल्युएचआर)की संस्थापक अध्यक्ष लिली थापाले एकल महिला र विधवा महिलाको तथ्याङ्कगत तुलना भएपनि त्यसलाई टेकेर अधिकारको दृष्टिबाट अनुसन्धान गर्न आवश्यक रहेको बताइन्।


तथ्याङ्क कार्यालयका उपप्रमुख (तथ्याङ्क अधिकारी) डा हेमराज रेग्मीले एकल महिलाको विषयमा तथ्याङ्क सङ्कलन गर्ने प्रयास सकारात्मक भएपनि यससँग सम्बन्धित मानव अधिकारमा थप अनुसन्धान आवश्यक रहेको धारणा राखे।

उनले आगामी दिनमा एकल महिलाको सामाजिक, सांस्कृतिक लगायतका विभिन्न आयाममा अनुसन्धान गर्न सकिने बताए। "एकल महिलाको गणनात्मक तथ्याङ्क आउनु पनि सकारात्मक मान्नुपर्छ। तर यति नै पर्याप्त भने होइन," उनले भने। कार्यक्रममा समावेशी आयोगकी अध्यक्ष विष्णुदेवी ओझाले एकल महिलामा पनि समावेशी दृष्टिले अनुसन्धान गर्न सुझाव दिइन्।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्दा साढे १० अर्बको कारोबार

काठमाडौं, १७ मङ्सिर/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढेको छ। परिसूचक १९ दशमलव ९७ अङ्कले बढेर दुई हजार २५८ दशमलव ०४ को बिन्दुमा कायम भएको हो।




आज ३१४ कम्पनीका दुई करोड ३० लाख ११ हजार ३६१ कित्ता शेयर एक लाख तीन हजार ४८१ पटक खरीद–बिक्री हुँदा रु १० अर्ब ५४ करोड १७ लाख ४६ हजार ५६४ बराबरको कारोबार भएको छ।

बैंकिङ शून्य दशमलव ५९, विकास बैंक एक दशमलव ७२, वित्त एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै व्यापार समूह नौ दशमलव ७० र होटल तथा पर्यटन समूह चार दशमलव ९९ प्रतिशतले बढेका छन्।

त्यस्तै, जलविद्युत् शून्य दशमलव ६२, लगानी शून्य दशलमव ६०, जीवन बीमा एक दशमलव ९१, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ४१ र निर्जीवन बीमा शून्य दशमलव २० प्रतिशतले बढेका छन्।

तारागाउँ होटल रिजेन्सी लिमिटेड, विशालबजार कम्पनी लिमिटेड र खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा धेरै गुमाउनेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा आठ दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ।



**निर्माणाधीन पक्की मोटरेवल पुलः** मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा खोलामा अवस्थित निर्माणाधीन पक्की मोटरेवल पुल। ठेकेदार कम्पनीले यही मङ्सिर अन्तिम सातादेखि नै उक्त पुलबाट सवारीसाधन गुड्ने जानकारी गराएको छ। तस्बिरः सुशीलबाबू थकाली/रासस


# कैलाली र कञ्चनपुरमा गिद्धको गुँड अनुगमन

कञ्चनपुर, १७ मङ्सिर/रासस

प्रकृतिको कूचीकार गिद्धको कैलाली र कञ्चनपुरमा सोमवारदेखि गुँड अनुगमनको कार्य शुरू गरिएको छ। वार्षिक कार्यक्रम अनुसार नेपाल पक्षी संरक्षण सङ्घले गिद्धको गुँडको अवस्था अध्ययनका लागि अनुगमन कार्य शुरू गरेको हो। गिद्धका गुँड अनुगमनका लागि सङ्घका पदाधिकारी, कर्मचारी र स्वयंसेवक खटिएका छन्।

"राष्ट्रियस्तरमैं प्रत्येक वर्षको यसै दिनदेखि गिद्धको अवस्था, गुँडको अवस्था, बासस्थानबारे अध्ययन अनुगमनको कार्य हुँदै आएको छ," सङ्घका चराविज्ञ हिरुलाल डगौराले भने, "यसै अवसरमा कैलाली, कञ्चनपुर, डडेल्धुरा र बैतडीमा गिद्धको गुँडको अवस्थाबारे अनुगमनको कार्य गरिरहेका छौं।"

उनका अनुसार कैलालीको खुटिया, बेली, जोनापुर र फकलपुर तथा कञ्चनपुरको लालझाडी, पर्सिया,



नेपालका चार जिल्लामा गिद्धका गुँड अनुगमन कार्य शुरू भएको छ। नेपालमा पाइने नौ प्रजातिका गिद्धमध्ये सुन गिद्धको गुँड। विश्वमा २३ प्रजातिका गिद्ध पाइन्छन्। तस्वीरः सौजन्य

कञ्ज, बन्साहा, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गिद्धका गुँड अनुगमनको कार्य भइरहेको छ। कैलाली र कञ्चनपुरमा अनुगमनको कार्य पूरा भएपछि डडेल्धुरा र बैतडीमा पनि गिद्धको गुँड तथा अवस्थाका बारेमा अध्ययन अनुगमनको कार्य हुने उनले बताए।

गिद्धका गुँड अनुगमनका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालयसँग समन्वय गरिएको चराविज्ञ डगौराको भनाइ छ। "क्यामेरा, बाइनाकुलर, टेलिस्कोप, जिपिएसको प्रयोग गरी अनुगमनको कार्य गर्छौं," उनले भने, "यसबाट गुँड के कति छन् भन्ने जानकारी हुन्छ नै गिद्धको सङ्ख्या यकीन गर्ने कार्य पनि हुन्छ।"

गत वर्षको अनुगमनमा कैलाली, कञ्चनपुर, डडेल्धुरा र बैतडीमा गरी डङ्गर, सानो खैरो, सेतो, हाडखोर, हिमाली र सुन गिद्धका गरी १४३ वटा गुँड फेला परेका थिए। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन)ले डङ्गर, सानो खैरो र सुन गिद्धलाई अति सङ्कटापन्न तथा सेतो गिद्धलाई सङ्कटापन्नको सूचीमा सूचीकृत गरेको छ।

विश्वमा २३ प्रजाति र नेपालमा नौ प्रजातिका गिद्ध पाइन्छन्। गिद्धले आफैंले शिकार नगरी मरेका जनावरको सिनो मात्रै खाने भएकाले यसलाई अहिंसक मांसाहारी पक्षीका रूपमा लिइने गरिन्छ। सिनो खाने भएकाले यसले पर्यावरण सन्तुलित राख्नमा मदत पुर्‍याउने गर्छ। एक सर्भेक्षण अनुसार गिद्धले सिनोको खोजीमा दैनिक एक सय किलोमिटरको रेडियसको दूरीमा उड्ने गरेको पाइएको छ।

# लैङ्गिक हिंसाविरुद्ध सामाजिक न्यायमा शिक्षाको भूमिका

विचार



हरिविनोद अधिकारी

**शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो । त्यसैले घरेलु हिंसाबाट बच्न पनि, महिलामाथि हुने हिंसाबाट बच्न पनि, बालिका तथा युवतीहरू बेचबिखनबाट बचाउन र बाध्यात्मक देह व्यापारबाट मुक्त गराउन पनि शिक्षाको नै आवश्यकता छ ।**

नेपालमा सन् १९९७ देखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान गरिँदै आएको छ। यो अभियानको इतिहासमा जाँदा सन् १९६० मा डोमेनिक गणराज्यका तीन दिदीबहिनीहरू पेट्रिया, मिनर्भा र मारियालाई त्यहाँको निरङ्कुश सरकारले राजनीतिक विरोधीका रूपमा मारेकाले र त्यही कारणले त्यहाँको निरङ्कुश सरकारको पनि केही समयपछि पतन भएकोले डोमेनिकन सरकारको समेत प्रयासले नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको दिवस मनाउन संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको हो । नोभेम्बर २५ तारिखदेखि शुरू भएको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अन्तिम दिन मानव अधिकारको विश्वव्यापी घोषणाको दिन मानव अधिकार दिवसमा पारिएको छ।

नेपालमा पनि अहिले यो १६ दिने अभियान निरन्तरतामा छ। हुनत यस १६ दिने अभियानको नाम लैङ्गिक हिंसाविरुद्ध भने पनि खासमा महिलाविरुद्धमा गरिने हिंसालाई कसरी कम गर्ने भन्ने सचेतना अभियानका रूपमा लिइन्छ। एकातिर प्रत्येक वर्ष सचेतना अभियान गरिन्छ तर महिलामाथि हुने हिंसात्मक प्रवृत्ति नेपालमा पनि बढेकै छ र संसारमा पनि प्रत्येक वर्ष वृद्धि भएको पाइन्छ । प्रत्येक वर्षझैं यस वर्ष पनि नेपालले राष्ट्रियरूपमा आफ्नो प्रतिबद्धता जनाउँदै 'हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' नाराका साथ विभिन्न तहमा कार्यक्रम सञ्चालन गरिएका छन् । नेपालमा घरेलु हिंसा भनेको महिला हिंसासँग जोडिन्छ, महिला हिंसा भनेको लैङ्गिक हिंसासँग जोडिन्छ। महिला हिंसा भन्यो भने पनि त्यो घरेलु हिंसासँग मिल्न जान्छ । पितृसत्तात्मक परम्पराका कारणले हिंसाका कारण र परिणाममा महिलाको नाम जोडिन जान्छ। त्यसैले लिङ्ग वा यौनका कारणले हुने हिंसात्मक प्रवृत्तिका सम्बन्धमा जानकारी राख्नुपर्ने हुन्छ। लैङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, मानव बेचबिखन र त्यसका परिणाम अनि सामाजिक न्यायका दृष्टिले त्यसको निराकरण आदि यस समयका केन्द्रीय विषय हुन् । पौराणिककाल तथा महाभारतकालमा समेत महिलाप्रति गरिएका विभेदकारी नीतिका कारणले नै एउटा युगको संस्कृति नै महायुद्धमार्फत समाप्त भएको थियो। विभिन्न तरीकाका महिला हिंसा वा घरेलु हिंसालाई रोकेर वा कम गरेर मात्र हामी सभ्य समाजको रूपमा विकसित हुन सक्छौं।

समाजलाई लैङ्गिक सन्तुलनमा राख्न र लैङ्गिक हिंसाबाट मुक्त गर्न पनि शिक्षाको ठूलो महत्त्व छ। यस सम्बन्धमा यस्तै क्षणिक अभियानले मात्र त सम्भव छैन । यस्ता चेतनाका काम सरकारले मात्र गरेर पनि सम्भव छैन। सामाजिक चेतनामा नै जुनसुकै प्रकारको भएपनि जसलाई जहाँ भएको भएपनि लैङ्गिक हिंसाविरुद्धमा सचेत गराउनु सबैको कर्तव्य हुन जान्छ। तर यसका लागि समुचित र सकारात्मक नैतिक शिक्षाविना यो सम्भव छैन । शिक्षालाई सामाजिक न्यायको एउटा महत्त्वपूर्ण पाटो मानेमा लैङ्गिक सन्तुलन कायम पनि हुन्छ र लैङ्गिक हिंसाबाट पनि समाज बिस्तारैबिस्तारै लैङ्गिक समानताको तहमा पुग्न सक्छ।

**लैङ्गिकतामा हिंसा कसरी प्रवेश गर्छ त ?**

यौनिकताका कारणले लैङ्गिकतामा असर पार्ने व्यक्तिको शारीरिक अवस्था, मानसिक अवस्था, सामाजिक–सांस्कृतिक मूल्य–मान्यता, देशको कानूनी व्यवस्था, धर्म, परम्पराजस्ता कुराले समाजलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ र लैङ्गिकतामा असमानता देखिने बित्तिकै त्यहाँ हिंसाले प्रवेश पाउँछ। भनौं हिंसाले स्थान प्राप्त गर्छ । प्रकृतिले दिएको विशेषता अनुसारको यौनिक अन्तरले लैङ्गिक अन्तरको काम गर्छ। प्रकृतिले दिएको लैङ्गिक अन्तरले सन्तानोत्पत्तिका लागि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ तर सामाजिक–सांस्कृतिक परम्परा र चलनले तयार गरेको लैङ्गिक असमानताले हिंसा जन्माउँछ। लैङ्गिकताको विभेदले गुम्सिएर गरिने स्वस्फूर्त प्रतिरोध र प्रतिरोध नगरीकन रहँदा जन्मने दबाब दुवैले हिंसाको अवस्था सिर्जना गरेको पाइन्छ। लैङ्गिकताको विभेदमा अपूर्ण तथा अतृप्त यौनेच्छादेखि समाजको विद्यमान पितृसत्तात्मक बनावटले देखाएको असमानतासमेत प्रतिविम्बित हुन जान्छ। प्रकृतिले पुरुषलाई भन्दा महिलालाई बढी संवेदनशील आङ्गिकस्वरूप दिएको छ। सांसारिक प्रवृत्तिमा र नेपालको परिप्रेक्ष्यमा लैङ्गिक असमानताको कुरा गर्दा पुरुष, महिला र तेस्रोलिङ्गीका बीचमा देखिनेगरी गरिएको सामाजिक तथा सांस्कृतिक एवं कानूनी विभेद नै सम्झनु पर्छ।

अपाङ्गताको अवस्था झन् विकराल छ, जसमा लैङ्गिक विभेदले जरो नै गाडेको छ। तर आमा जातिमा रहेको त्यस्तो अपरिवर्तनीय यौनिकताका कारणले नै सामाजिकरूपमा विभेद शुरू भएको पाइन्छ । यो विभेद वैदिककालदेखि आजसम्म विभिन्न स्वरूप र प्रकारमा विद्यमान छ, जसको सकारात्मकरूपमा नै अन्त्यको आवश्यकता छ।

**महिलाविरुद्ध हिंसाका विभिन्न स्वरूप**

महिलाविरुद्धको हिंसा भन्नाले महिला भएकै कारणले व्यक्तिगत जीवनमा र सार्वजनिक जीवनमा लिङ्गका कारणले हुने हिंसाजन्य कार्य हो। यसले महिलालाई शारीरिक पीडा पुऱ्याउँछ, मानसिकरूपमा समेत आघात पारेको हुन्छ। महिला हिंसा भनेको धम्की, दबाब र जबरजस्ती करणीजस्ता कुराले महिलाको स्वतन्त्रतामा पार्ने बन्देजसमेत पर्छ । महिलामाथि हिंसा हुने कुरा कुनै एक संस्कृतिमा मात्र सीमित हुँदैन। उमेर र वर्गमा मात्र पनि सीमित हुन सकेको पाइँदैन। समाजमा लैङ्गिक हिंसाको कुरा गर्दा बढीभन्दा बढी महिलाले विभिन्न कालखण्डमा विभिन्न स्वरूपका हिंसाको कटु अनुभव गरेको पाइएको छ। महिलाविरुद्ध हिंसालाई कतिपय परिस्थितिमा घरेलु हिंसासँग पनि जोडिएको छ। पितृसत्तात्मक हाम्रो समाज र सामाजिक संरचना नै असन्तुलित छ। पुरुषको सामाजिक भूमिका गहकिलो बनाइएको छ र महिलाको सामाजिक तथा सांस्कृतिक भूमिका सहायकस्तरको बनाइएको छ।

नेपाली समाजमा महिलाविरुद्धको हिंसा, पुरुषले महिलामाथि आफ्नो श्रेष्ठतासिद्ध गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय साधारणसभाले १९९३ डिसेम्बर २० मा पारित गरेको महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रमा भनिएको छ, "महिलाविरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, मानसिक पीडा वा मानसिक क्षति वा मनमा चोट या अदृश्य पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यस अन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारीरूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ। वास्तवमा महिलाविरुद्धको हिंसा भनेको लैङ्गिक विभेद नै हो, जसले महिलाको अधिकार प्रयोग गर्ने स्वतन्त्रतामा बाधा पुऱ्याउने गर्छ।

**महिलामाथिको हिंसा नै घरेलु हिंसा हो त ?**

महिलामाथिको हिंसा नै त घरेलु हिंसा होइन तर प्रकारान्तरमा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै अर्थ्याइएको छ। घरेलु हिंसा संसारमा सबै खालका सभ्यता र समाजमा लुकेर बसेको हुन्छ । शारीरिक क्षमता र समाजको संरचनालाई दृष्टिगत गर्दा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै बुझिन्छ । पुरुषमाथि पनि घरेलु हिंसा भएको पाइन्छ, पुरुष भएकै कारणले हिंसा गरिएको छ भने त्यो पनि लैङ्गिक हिंसा नै हो तर पीडितका हिसाबले महिला नै अत्यधिक पीडामा बाँच्न बाध्य भएको पाइन्छ।

संयुक्त राष्ट्रसङ्घको महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिश नम्बर १९ ले घरेलु हिंसा भनेको महिलाविरुद्ध हिंसाको एउटा सबैभन्दा पुरानो रूप मानेको छ र सबै किसिमको समाजमा यो विद्यमान रहेको स्वीकार गरेको छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको र सार्वजनिक तथा पारिवारिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको कुरा उपयुक्त सिफारिश्मा प्रस्ट पारिएको छ। घरेलु हिंसा (कसूर र सजाय) ऐनमा घरभित्रको नाता सम्बन्धका व्यक्तिबीच हुने शारीरिक, मानसिक, यौनजन्य, भावनात्मक र सम्पत्तिसम्बन्धी कुनै पनि प्रकारका हिंसालाई घरेलु हिंसाको रूपमा परिभाषित गरी यस्तो कार्यलाई दण्डनीय आपराधिक कार्य मानिने कुरा स्पष्ट पारिएको छ । त्यसैले महिलामाथिको हिंसालाई नै घरेलु हिंसाको रूपमा स्वीकार गरिएको पाइन्छ। यसो हुनुमा लैङ्गिक विभेदका कारणले हो। यसका लागि लैङ्गिक सन्तुलन आवश्यक छ। सामाजिक न्यायका दृष्टिले लैङ्गिक असन्तुलनका विभिन्न कारण हुन सक्छन्। तर हाम्रोजस्तो समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक विभेद नै मुख्य कारण हुन सक्छन् । हाम्रा कानून तथा कानूनी प्रयोग समाजको आवश्यकता र अलिखित नियमका आधारमा नै अभ्यासमा आएका हुन्छन्।

**नेपालमा लैङ्गिक हिंसाको अवस्था**

लैङ्गिक हिंसाले पुरुष र महिला दुवैलाई हुने हिंसा भन्ने जनाए तापनि नेपालको परिप्रेक्ष्यमा लैङ्गिक हिंसा भन्नाले महिलामाथि र बालिकामाथि हुने हिंसालाई नै जनाउँछ । महिलामाथि हुने लैङ्गिक हिंसाका स्वरूप हुन्– हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित अत्याचार, बलात्कार, वैवाहिक बलात्कार, जबरजस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई क्षति पुऱ्याउने परम्परागत चलन, पति वा पतिका नातेदारबाट हुने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, सार्वजनिक स्थान या कार्यालय वा अन्य कार्य क्षेत्रमा काम गर्ने सिलसिलामा हुने यौनजन्य व्यवहार तथा दुर्व्यवहार, बालिका तथा महिला बेचबिखन तथा बाध्यताका साथ गराइने देह व्यापार आदि ।

गर्भमा भ्रूण केटा भए बचाउने तर केटी भ्रूण भए गर्भपतन गराउने प्रचलन

(बाँकी पाँचौं पातामा)



**विवाहपञ्चमीमा जन्ती स्वागतको तयारी:** भारतको अयोध्याबाट विवाहपञ्चमीका लागि सोमवार आउने जन्तीको स्वागतका लागि फूलमालाले सजाइएको महोत्तरीको मटिहानीमा रहेको प्रसिद्ध लक्ष्मीनारायण मन्दिर (मठ)। तस्बिर सौजन्य: मो. इसराफिल ऐबुल⁄ रासस

## फरक समाचार

### जाडोमा तातो पानीले नुहाउनु कति सुरक्षित ?

जाडोमा नुहाउन तातो पानी उपयोग गर्दा आरामदायक अनुभव मात्र होइन, मानसिक र शारीरिक राहत पनि प्राप्त हुन्छ। तर यदि तपाईं मुटुरोगी हुनुहुन्छ भने विशेष ध्यान दिनुपर्छ।



जाडोमा नुहाउन तातो पानीको प्रयोग अत्यन्त आरामदायक विकल्प हो। यसले शारीरिक मात्र नभई मानसिक तनाव पनि कम गर्न सहयोग गर्छ। तर तातो पानीले फाइदासँगै केही हानि पनि गर्न सक्छ। विशेषगरी मुटुरोगीहरूका लागि नुहाउने पानीको तापक्रम सही हुनु अत्यावश्यक छ। जाडो महीनामा स्वस्थ रहनका लागि कस्तो पानी उपयुक्त हुन्छ, त्यसबारे जानौं।

**तातो पानीले नुहाउँदाका फाइदा**

– तातो पानीले नुहाउँदा शारीरिक र मानसिक दुवै प्रकारका तनाव कम गर्न सहयोग पुऱ्याउँछ।

– मांसपेशीमा तनाव कम भएर शारीरिक आराम प्रदान गर्छ।

– यसले शरीरको रक्तप्रवाह बढाउँछ, जसले शरीरका सबै अङ्गमा अक्सिजन र पोषक तत्त्व सजिलै पुग्छ।

– तातो पानीले छालाका रोमछिद्र खोल्दै फोहोर बाहिर निकाल्छ, जसले छाला सफा हुन्छ।

– शरीरलाई तातो गरेर ऐंठन र दुखाइबाट राहत दिन्छ।

**तातो पानीले नुहाउँदाका हानि**

– तातो पानीले छालाको प्राकृतिक चिल्लोपन समाप्त पार्न सक्छ, जसले गर्दा छाला सुक्खा हुने, चिलाउने वा चिरा पर्ने समस्या हुन सक्छ।

– तातो पानीले शरीरको तापक्रम बढाउँछ, जसले रक्तचाप बढाउन सक्छ। यो विशेषगरी रक्तचाप र मुटुसँग सम्बन्धित समस्या भएका व्यक्तिहरूका लागि घातक हुन सक्छ।

– धेरै तातो पानीले नुहाउँदा केही व्यक्तिलाई चक्कर लाग्ने समस्या हुन सक्छ, किनकि यसले शरीर थकित र कमजोरी महसूस गराउन सक्छ।


**पानीको सही तापक्रम**

जाडोमा नुहाउनका लागि पानीको तापक्रम न धेरै चीसो, न धेरै तातो हुनुपर्छ। हल्का मनतातो पानी सबैभन्दा राम्रो विकल्प हो। यसले न केवल आराम प्रदान गर्छ, छाला र रक्तचापको लागि पनि लाभदायक हुन्छ।

तातो पानीले नुहाइसकेपछि राम्ररी मोइश्चराइजर लगाउनुपर्छ, जसले छालाको चिल्लोपन कायम रहोस्।

### विवाहपछि पुरुषको आयु लम्बिन्छ, तर महिला ...

विवाह जीवनको एक महत्त्वपूर्ण हिस्सा हो र यसलाई लिएर सबैका आआफ्नै निष्कर्ष हुन सक्छन्। हालै भएको एक अध्ययनले चाखलाग्दो खुलासा गरेको छ। विवाह पुरुषका लागि धेरै फाइदाजनक मानिएको छ, जबकि महिलाका लागि



अविवाहित रहनुमैं भलाइ छ।

विवाहले जीवनमा गहिरो प्रभाव पार्छ र यो प्रभाव समयसँगै झन् गहिरो हुँदै जान्छ। हालै गरिएको एक अध्ययनले खुलासा गरेको छ कि विवाहले पुरुष र महिलाका उमेरमा बेग्लाबेग्लै असर पार्छ।

यस अध्ययनका अनुसार विवाहित पुरुषको उमेर अविवाहित पुरुषको तुलनामा लामो हुन्छ, तर महिलाको हकमा यो स्थिति केही फरक देखिएको छ। यस अध्ययनमा कसरी विवाहका विभिन्न पक्षहरूले हाम्रो उमेर बढ्ने अनुभवलाई असर गर्न सक्छ भन्ने विस्तृतरूपमा वर्णन गरिएको छ।

**महिला र पुरुषमा विवाहको प्रभाव**

जीवनसाथीसँग बस्ने पुरुष लामो उमेर बाँच्ने गर्छ। यसको विपरीत विवाहित महिलाको उमेर बढ्ने अनुभव अविवाहित महिलाहरूको तुलनामा खासै फरक देखिएको छैन। अध्ययनमा सम्बन्धविच्छेद गरेकी वा विधवा महिलाको उमेर बढ्ने प्रक्रिया अविवाहित महिलाको तुलनामा बढी कठिन हुन्छ।

**अध्ययन के हो ?**

यो अध्ययन क्यानडाका वृद्धवृद्धाहरूमा आधारित हो, जसमा ४५ देखि ८५ वर्ष उमेरका व्यक्तिहरूको स्वास्थ्य र जीवनशैलीलाई २० वर्षसम्म ट्र्याक गरिएको थियो। यस अध्ययनमा यो बुझ्ने प्रयास गरिएको थियो कि विवाहित हुनु वा नहुनुले महिला र पुरुषको स्वास्थ्य र उमेरमा कस्तो असर गर्छ।

**विवाहको प्रभाव**

अध्ययनबाट यो स्पष्ट भयो कि विवाहित जीवनको प्रभाव पुरुष र महिलाका लागि फरकफरक हुन सक्छन्।

यो अध्ययनले यो पनि देखाउँछ कि उमेर बढेसँगै विवाहको महत्त्व न केवल शारीरिक स्वास्थ्यमा, मानसिक र भावनात्मक कल्याणमा पनि पर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रपति बाइडनका छोरा हन्टरलाई माफी तुषारापात

वाशिङ्टन, १७ मङ्सिर/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडनले दुई आपराधिक मुद्दामा सजाय भोगिरहेका आफ्ना छोरा हन्टरलाई आइतवार आधिकारिक माफी दिएका छन् ।

“हन्टरको मुद्दाको तथ्यलाई हेर्ने कुनै पनि तर्कसङ्गत व्यक्ति अन्य कुनै निष्कर्षमा पुग्न सक्दैन, हन्टरलाई मेरो छोरा भएको कारण मात्र दोषी ठहराइयो र यो गलत हो,” राष्ट्रपति बाइडेनले एक विज्ञप्तिमा भनेका छन् ।

विशेषगरी यस्तो समयमा जब भावी राष्ट्रपति डोनाल्ड ट्रम्पले एफबिआई र न्याय विभागमा वफादारहरू नियुक्त गर्ने क्रम अघि बढिरहेका बेला चालिएको यो कदमले अमेरिकी न्यायिक प्रणालीको स्वतन्त्रतामाथि नयाँ अनुसन्धान अघि बढाउने निश्चित छ ।

‘बाइडेन जुनियर’लाई यसै वर्षको शुरूमा बन्दुक किन्दा लागूऔषधको प्रयोगबारे झूट बोलेको अभियोगमा दोषी ठहर गरिएको थियो र उनले कर छलीको छुट्टै मुद्दामा पनि आफ्नो दोष स्वीकार गरेका छन् तर उनले सजाय भोगेका छैनन् ।

जनवरी २० मा ट्रम्पले कार्यभार सम्हाल्नु अघि आफ्नो कार्यकालको अन्तिम हप्तामा रहेका जो बाइडेनले पटकपटक आफ्नो छोरालाई माफी नदिने बताउँदै आएका थिए ।

“मैले न्याय विभागको निर्णय प्रक्रियामा हस्तक्षेप नगर्ने भनेको थिएँ र मैले मेरो छोरालाई अन्यायपूर्ण तरीकाले मुद्दा चलाएको देखे पनि आफ्नो वचन कायम राखेको छु,” राष्ट्रपति बाइडेनले आइतवार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

उनले भनेका छन्, “कङ्ग्रेस (संसद्)मा मेरा धेरै राजनीतिक प्रतिद्वन्द्वीले उनीहरूलाई ममाथि आक्रमण गर्न र मेरो चुनावको विरोध गर्न उक्साएपछि मात्र उहाँको मुद्दामा आरोप लगाइएको हो ।”

“म न्याय प्रणालीमा विश्वास गर्छु, तर जसरी मैले यससँग कुश्ती खेलेको छु, मलाई यो पनि विश्वास छ कि कच्चा राजनीतिले यो प्रक्रियालाई सङ्क्रमित गरेको छ र यसले न्यायको तुषारापात गराएको छ ।”



सर्वोच्च अदालतले राष्ट्रपति पदीय उन्मुक्तिसम्बन्धी व्यापक फैसला सुनाएपछि नवनिर्वाचित राष्ट्रपति ट्रम्पविरुद्ध फौजदारी मुद्दाहरू रोकिएका बेला यो माफी आएको हो ।

गत मे महीनामा बाइडेनलाई गलत व्यापारिक रेकर्ड बनाएको अभियोगमा ऐतिहासिक दोषी ठहर गरिए पनि हन्टर बाइडेनलाई जेल बस्नुपर्ने बाध्यता भने थिएन ।

अमेरिकी राष्ट्रपतिहरूले यस अघि पनि परिवारका सदस्य र अन्य राजनीतिक सहयोगीहरूलाई सहयोग गर्न क्षमादानको प्रयोग गर्दै आएका थिए ।

बिल क्लिन्टनले आफ्नो सौतेलो भाइलाई पुरानो कोकिनको आरोपको लागि माफी दिएका थिए र ट्रम्पले कर छलीको लागि आफ्ना सम्धी (ज्वाइँका पिता)लाई माफी दिएका थिए । यद्यपि दुवै अवस्थामा ती व्यक्तिहरूले पहिले नै आफ्नो जेल सजाय भुक्तान गरिसकेका थिए ।

ट्रम्पले सन् २०२० को चुनावमा आफ्नो पराजयलाई उल्टाउन जनवरी ६, २०२१ मा अमेरिकी संसद् भवनमा भएको भीषण दङ्गामा आक्रमण गर्ने समर्थकलाई माफी दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले आइतवार अबेर सामाजिक सञ्जालमा लेखेका छन्, “यस्तो दुर्व्यवहार र न्यायमाथिको तुषारापात ! के जो (जो बाइडेन)ले हन्टरलाई दिएको क्षमादानमा जे-६ बन्धकहरू पनि सामेल छन्, जो अहिले वर्षौंदेखि जेलमा छन् ?”

हन्टर बाइडनलाई गत सेप्टेम्बरमा कर छलीको अभियोगमा १७ वर्षको जेल सजायको घोषणा गरिएको थियो । अवैध बन्दुक राखेको छुट्टै अभियोगमा उनलाई २५ वर्षको जेल सजाय सुनाइएको थियो ।

बाइडेनका वकीलले हन्टर राष्ट्रपतिका छोरा भएकै कारण अदालतमा उपस्थित गराइएको बताएका छन् । हन्टरले पुराना करहरू भुक्तान गर्नुभएको छ र अधिकारीहरूले लगाएको जरिवाना पनि । यस पहिले हन्टर बाइडेनलाई जेलमा जान नपर्ने गरी एउटा सम्झौता गराइएको थियो तर त्यो सम्झौता अन्तिम समयमा रद्द भएको थियो ।

उनको मुद्दा लामो समयदेखि बाइडेन परिवारको पक्षमा काँडाको रूपमा रहेको छ । विशेषगरी यो चुनावी वर्षको दौरानमा रिपब्लिकनहरूले हन्टरलाई धेरै नरम व्यवहार देखाइएको आरोप लगाएका थिए । रासस



**टिटी ताल**ः हिमालपारिको जिल्ला मुस्ताङको थासाङ गाउँपालिका-५ मा अवस्थित टिटी ताल । पर्यटन प्रवर्द्धनको पर्खाइमा रहेको उक्त ताल सडक सञ्जालदेखि टाढा रहे पनि मुस्ताङ घुम्न आउने आन्तरिक पर्यटक कम मात्रामा यो ताल अवलोकन गर्न आउने गर्छन् । तस्बिरः सुशीलबाबू थकाली/रासस

**अन्नपूर्ण ...**

सडेगलेका वस्तु, रूख र पाखापहराको चेपमा उम्रने गरेको उनको भनाइ छ ।



गुणकारी वनस्पतिमा पर्ने सुनाखरी प्रजाति अनुसार विभिन्न याममा फुल्ने गरेको संरक्षण अधिकृत तिरुवाले बताए ।

“सुनाखरी खाना र औषधिका रूपमा प्रयोग गरिन्छ, फूल फुल्दा आकर्षक देखिने हुँदा यसले प्रकृतिमा सौन्दर्य थपेको हुन्छ,” उनले भने, “संसारमा अन्त कतै नपाइने सुनाखरी पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छ ।” सुनाखरी दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) मा सूचीकृत वनस्पति हो । औषधीय गुण भएका कारण कतिपय प्रजातिका सुनाखरीको अवैध तस्करीसमेत हुँदै आएको छ ।

हिमालदेखि तराईसम्मका भूभागमा पाइने सुनाखरीको संरक्षणमा सम्बद्ध सबै पक्षले विशेष ध्यान दिनुपर्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रविन कडरियाले बताए । देशविदेशका वनस्पतिविद् र वैज्ञानिकहरूले अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अध्ययन तथा अनुसन्धान गरेको उनको भनाइ छ। पाँचऔँलेलगायत नेपालमा सूचीकृत सुनाखरीमध्ये एक तिहाइ प्रजाति औषधिजन्य प्रयोगमा रहेका छन् ।

एक्यापले अनुसन्धानका क्रममा भेटिएका सुनाखरीका प्रजाति, बासस्थान, प्रयोग जस्ता विधालाई समेटेर सचित्र पुस्तक ‘अन्नपूर्ण संरक्षण क्षेत्रका सुनाखरीहरू’ प्रकाशनको तयारी गरेको छ । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको एक्यापमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

**लैङ्गिक ...**

नेपालमा पनि देखिन थालेको छ । यस्तो चलन बढ्न पो थालेको छ । गर्भको बच्चा पत्ता लगाउनेबारेमा अत्याधुनिक प्रविधिको विकास भएकोमा खुशी व्यक्त गर्दागर्दै पनि अवैधानिकरूपमा आमाको इच्छाविना गर्भपतन हुन थालेको र भ्रूण हत्या जस्तो जघन्य अपराध हुन थालेको पाइन्छ । यसो हुनुमा वैज्ञानिक प्रविधिको दुरुपयोग गर्दा पनि घरेलु हिंसा हुन्छ र यसमा पनि महिला नै पीडित हुनुपरेको छ । महिलाको पीडा गर्भबाटै यसरी शुरू हुने गर्छ । नजन्मदैदेखि लैङ्गिक विभेदको शिकार हुनुपर्छ । यसैगरी, शिक्षा, स्वास्थ्य, खाना र आवासको सुविधादेखि सामाजिक क्रियाकलापमा समेत महिलालाई विभेद गरिएको पाइन्छ । बालिकाको श्रम शोषण, बलात्कार, यौन शोषण अहिले प्रचलित घरेलु हिंसा बनेका छन् । युवतीलाई चरम यौन शोषण, बलात्कार, वैवाहिक बलात्कार, श्रम शोषण, आफ्ना नजीकका नातेदारबाटै बेचबिखन हुनुपर्ने हालमा देखिएका घरेलु हिंसा र लैङ्गिक हिंसाका स्वरूप हुन् । वृद्धावस्थामा नगरेको काममा पनि गाली, बेइज्जती, बोक्सीको आरोपमा मलमूत्र ख्वाउने प्रवृत्ति, कुटपिट, मानसिक यातना, घरबाट छोराबुहारी वा छोरीज्वाइँले निकाल्ने र बेघरबार बनाउने चलन र यौन दुर्व्यवहारसमेत भएका घटना सुन्न र देख्न पाइन्छ ।

केटीको विवाहको उमेर कम्तीमा पनि २० वर्ष हुनैपर्ने भनिए तापनि कतिपय व्यवहारमा त्योभन्दा कम उमेरमा अनमेल विवाह गर्ने र बालविवाहलाई अझै परम्पराबाट हटाउन नसकिएको यथार्थ हाम्रा सामु विद्यमान छ । सार्वजनिक स्थानमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचबिखन, परम्परागत विभेदपूर्ण प्रचलन जस्तै दाइजोका लागि रकम दिने तथा लिने, देउकी प्रथा, झुमा प्रथा, छाउपडी प्रथालाई लिन सकिन्छ । जनसाङ्ख्यिक सर्वेक्षण अनुसार २३ प्रतिशत महिला र २० प्रतिशत पुरुषले हाम्रो परिवार तथा समाजमा लैङ्गिक हिंसा छ र त्यसबाट घरेलु हिंसालाई प्रश्रय दिइएको छ भनी स्वीकार गरेको तथ्याङ्क हाम्रो सामु छ । यसबाट मुक्ति पाउन नै सन् २०१० लाई नेपालले लैङ्गिक हिंसाविरुद्धको वर्ष भनी मनाएको पनि थियो ।

नेपालमा लैङ्गिक हिंसाले परम्पराको रूपमा घरेलु हिंसाको रूप लिएको छ । यसलाई हामीले नहिच्किचाइ स्वीकार गर्न सक्नुपर्छ । तर यसलाई कमी गर्दै लैङ्गिक सन्तुलन र सामाजिक न्यायका दृष्टिले लैङ्गिक समानताको रूपमा हाम्रो समाजलाई डोऱ्याउनुपर्छ । डोऱ्याउनु जरुरी पनि छ । यसका लागि महिलाको भूमिकाले पुग्दैन । समाजका सबै तह र वर्गको समानुपातिक तवरले सहयोग र सहकार्य जरुरी छ ।

**घरेलु हिंसा वा महिला हिंसाबाट कसरी मुक्त हुने त ?**

घरेलु हिंसा तथा त्यसैको पर्यायवाचीको रूपमा रहेको महिला हिंसाबाट बच्नका लागि सबैभन्दा पहिले त चेतना जरुरी छ । चेतना शिक्षाको रूपमा, चेतना सामाजिक न्यायको स्वरूपको पहिचानका रूपमा, चेतना कानूनी प्रावधानका स्पष्ट दण्डका रूपमा र अमानवीय, जघन्य अपराधका रूपमा घरेलु हिंसालाई पहिचान गरी समाजको रूपान्तरण जरुरी छ । त्यसका लागि बालिकालाई शिक्षा, महिलालाई शिक्षा र वृद्धालाई शिक्षा र सबैका लागि समानतामुखी शिक्षा नै आजको आवश्यकता हो ।

वास्तवमा यो एउटा यक्ष प्रश्न बनेको छ कि शिक्षा प्राप्त नभई सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्छ । कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यक पर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्त्व हो, त्यसैले पनि शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ, विश्वव्यापीरूपमा । अवसरको लागि पनि शिक्षा आवश्यक छ । सामाजिक न्यायको सिद्धान्तले पनि के भन्छ भने वञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तीकरण गर्नु अनिवार्य छ ।

मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वशर्त पनि हो र परिणाम पनि हो । त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो । एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्तिपछि सामाजिक न्याय प्राप्त गर्न सबै मान्छे स्वतः सक्षम हुन्छन् । सामाजिक न्यायको वितरणाको लेखाजोखा गर्न पनि शिक्षाको नै जरुरत पर्छ । तर अर्को समस्या के देखा पर्छ भने शिक्षा प्राप्ति नै यति दुरूह भएको छ कि यो नै सर्वप्रथम सामाजिक न्यायको पहिलो शर्तको रूपमा उपलब्ध गराउनुपर्छ । आज शिक्षालाई मौलिक हकको पनि प्राथमिक स्वरूपमा लिइएको छ ।

शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो । यसलाई केस्रा केस्रा गर्न पनि सकिंदैन तर शिक्षा प्राप्त गर्नु नै सामाजिक न्यायको पहिलो खुड्किलो चढ्नु हो भनेर चाहिं मान्नुपर्छ । त्यसैले घरेलु हिंसाबाट बच्न पनि, महिलामाथि हुने हिंसाबाट बच्न पनि, बालिका तथा युवतीहरू बेचबिखनबाट बचाउन र बाध्यात्मक देह व्यापारबाट मुक्त गराउन पनि शिक्षाको नै आवश्यकता छ ।

**निष्कर्ष**

घरेलु हिंसा वा लैङ्गिक हिंसा महिला हिंसा भनेको एउटै जस्तो मानिन्छ, हाम्रो जस्तो विकासोन्मुख मुलुकमा । पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुलुकहरूमा, समाजमा यस्तो प्रकारको हिंसालाई क्रमशः कमी गर्दै लैजान कडाभन्दा कडा कानूनी आवश्यकता भएपनि सोको प्रावधानभन्दा पनि शिक्षाको समुचित प्रबन्ध नै अत्यावश्यक हुन्छ । त्यसैले लैङ्गिक समानता र सचेतनाका लागि सामाजिक न्यायोन्मुख शिक्षाको सुप्रबन्ध जरुरी छ । सामाजिक न्यायोन्मुख समाजले मात्र यस्ता हिंसाबाट समाजलाई मुक्त गर्न सक्छ र लैङ्गिक सन्तुलन कायम गरी सबै खालका लिङ्गीय विभेदलाई अन्त गर्न सक्षम हुन सक्ने वातावरण बन्न सक्छ ।

## सौर्य ऊर्जाका लागि एडिबी र एमएसइएलबीच सम्झौता

मनिला, १७ मङ्सिर/सिन्ह्वा

एशियाली विकास बैंक (एडिबी) ले सोमवार बङ्गलादेशमा ग्रीड जडान गरिएको ‘सौर्य फोटोभोल्टिक पावर प्लान्ट’ स्थापना गर्न मुक्तागाचा सोलारटेक एनर्जी लिमिटेड (एमएसएएल) सँग २४.३ मिलियन अमेरिकी डलरको वित्तीय प्याकेजमा हस्ताक्षर गरेको छ ।

बङ्गलादेशस्थित ऊर्जा कम्पनी जुल्स पावर लिमिटेडको स्वामित्वमा रहेको एमएसइएलका लागि वित्तीय प्याकेजको व्यवस्था गरिएको एडिबीले जनाएको छ ।

परियोजनाले २० मेगावाट ग्रीड जडित सौर फोटोभोल्टिक पावर प्लान्ट निर्माण र सञ्चालन गर्नेछ भने वार्षिक ३७.९ गिगावाट-घण्टा बिजुली उत्पादन गर्नेगरी वार्षिक १८ हजार ३४४ टन कार्बन डाइअक्साइड उत्सर्जनबाट जोगाउने जनाइएको छ ।

परियोजनाको उद्देश्य बङ्गलादेशमा प्रगति र दिगो ऊर्जा समाधान अगाडि बढाउनु हो । दीर्घकालीन वित्तपोषणले नवीकरणीय ऊर्जा विकासमा निजी क्षेत्रको संलग्नता प्रवर्द्धन गरी नवीकरणीय परियोजनाको पूँजी आवश्यकता सम्बोधन गर्ने निजी क्षेत्र सञ्चालनका लागि एडिबीका महानिर्देशक सुजैन गाबोरीले बताएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## कुवेतबाट ६० जना भारतीयको उद्धार

कुवेत, १७ मङ्सिर/एएनआई

कुवेतमा गल्फ एयरको उडानमा फसेका यात्रुहरूको कुवेतबाट सोमवार उद्धार गरेको कुवेतस्थित भारतीय दूतावासले विज्ञप्तिमार्फत जनाएको छ । दूतावासको टोली उद्धार उडान नभएसम्म मैदानमैं रहेको विज्ञप्तिमा उल्लेख छ ।

सामाजिक सञ्जाल एक्समा गरिएको पोस्टमा–“म्यानचेस्टरका लागि गल्फ एयरको उडान अन्ततः सोमवार बिहान ४:३४ बजे भारतीय यात्रुहरूसहित प्रस्थान गरेको जनाइएको छ ।”

प्राविधिक समस्याका कारण गल्फ एयरको उडानलाई कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा फर्काइएपछि आइतवार भारतीय यात्रु १३ घण्टाभन्दा बढी कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा फसेका थिए ।

मुम्बईबाट म्यानचेस्टरका लागि गल्फ एयरको उडानमा यात्रा गरिरहेका यात्रुहरूले लामो पर्खाइको समयमा खाना, आवास वा आधारभूत सहायता नपाएको गुनासो गरेका छन् ।


भारतीय दूतावासले ‘लाउन्ज’मा फसेका यात्रुहरूका लागि खाना र पानी उपलब्ध गराएको जनाएको छ भने दूतावासका अधिकारीहरूले यात्रुहरूलाई दुईवटा विमानस्थलको लाउन्जमा राखिएको बताएका छन् । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# समता विद्यालयलाई नबिलको सहयोग, कारागारमा पुस्तक सहयोग

प्रस, वीरगंज, १७ मङ्सिर/

नबिल बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत छवटा प्रदेशमा रहेका समता विद्यालयलाई सहयोग गरेकोमा सोमवार बन्दी सुधारगृह (वीरगंज कारागार)स्थित समता विद्यालयले कार्यक्रम आयोजना गरी धन्यवाद ज्ञापन गरेको छ।



वीरगंज कारागारमा पुस्तक हस्तान्तरण गर्दै ई रौनियार (दायाँ)। तस्वीरः सौजन्य

समारोहमा विद्यालयकी प्रधानाध्यापिका अनामिका मिश्रले नबिल बैंक व्यवस्थापनले सामाजिक उत्तरदायित्व वहन गरी विद्यालयलाई सहयोगको लागि छनोट गरेकोमा धन्यवाद दिँदै भविष्यमा पनि बैंकबाट सहयोगको अपेक्षा गरेकी थिइन्।

नबिल बैंकलाई सामाजिक उत्तरदायित्व वहन गराउन सहयोगी भूमिका खेलेका बैंकका शेयरधनी इन्जिनियर बैजुनाथ रौनियारले निजी क्षेत्रले देशको शिक्षा क्षेत्रमा लगानी गर्दा विपन्न वर्ग लाभान्वित हुने भएकोले अन्य संस्थाले पनि सामाजिक उत्तरदायित्व वहन गर्दा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए।

नबिल बैंक वीरगंज शाखाका प्रबन्धक विशेष दैवज्ञले बैंकले मुनाफाको केही अंश बर्सेनि सामाजिक उत्तरदायित्व वहन गर्नमा खर्च गर्ने गरेको बताए। उनले शिक्षा क्षेत्रमा लगानी गर्न बैंक सधैं तत्पर रहेको जानकारी गराए। कार्यक्रममा बैंकका सहायक प्रबन्धक विक्रम कुँवर तथा विद्यालयका शिक्षिकालगायतको सहभागिता थियो।

यसैगरी, इन्जिनियर रौनियारले आज वीरगंज कारागारमा रहेको पुस्तकालयमा ४५ थान पुस्तक सहयोग गरेका छन्। कारागारका चौकीदार विकास कलवारलाई ई रौनियारले पुस्तक हस्तान्तरण गरेका थिए। साहित्यिक, धार्मिक, आर्थिकलगायत विभिन्न विधाका पुस्तक कैदीबन्दीहरूका लागि अध्ययनमा सहायक हुने विश्वास आफूले लिएको ई रौनियारले बताए। चौकीदार कलवारले कारागारको पुस्तकालयमा पुस्तकको अभाव रहेको र त्यहाँ रहेका पुस्तकहरू कैदीबन्दीहरूले अध्ययन गरिसकेकाले पुस्तकालयमा नयाँ पुस्तकको निरन्तर माग रहने गरेको बताए। कैदीबन्दीलाई समय कटाउन पनि पुस्तक अत्यन्त उपयोगी हुने भएकोले अन्य दाताहरूलाई पनि कारागारमा पुस्तक सहयोग गर्न उनले अपील गरे।

## सम्पदा संरक्षणमा आधारित अभिमुखीकरण समापन

प्रस, सिम्रौनगढ, १७ मङ्सिर/

सिम्रौनगढ क्षेत्रको सम्पदा संरक्षणमा आधारित अभिमुखीकरण कार्यक्रम सोमवार सम्पन्न भएको छ। सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा तीन दिनसम्म चलेको अभिमुखीकरणमा



देशभरि रहेका पुराना सम्पदाको संरक्षण र यसमा स्थानीय तह र जनताको भूमिका, दायित्व र कर्तव्यबारेमा छलफल भएको थियो।

पुरातत्त्व विभागका महानिर्देशक डा सौभाग्य प्रधानाङ्गको अध्यक्षता तथा सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवारको प्रमुख आतिथ्य सम्पन्न समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जैसवाल,वरिष्ठ पुरातत्त्वविद् देवेन्द्रनाथ तिवारी, प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर, कङ्काली माविका प्रअ ऋषभदेव यादव, शिक्षक उमाशङ्करप्रसाद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा मधेस प्रदेश सरकार पर्यटन विभागका कार्यक्रम प्रमुख बबिता जैसवाल, सिम्रौनगढ नापी शाखा प्रमुख नवलकिशोर उपाध्याय, उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबुप्रसाद कुशवाहा, वडाध्यक्षहरू, राजनीति दलका प्रतिनिधिहरू र स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी थिए।

पुरातत्त्व विभागका अधिकृत कुँवरले स्वागत र मञ्जु थापाले सहजीकरण गरेका थिए। अभिमुखीकरण कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। यसैगरी, नगरपालिका र उद्योग वाणिज्य सङ्घले महानिर्देशक प्रधानाङ्गलाई मायाको चिनो प्रदान गरेका थिए।

**भाठाधाम ...**

पानीको समस्या नहोस् भनी उपकार सेवा नेपालले चापाकल जडान गरी सहयोग गरेको अध्यक्ष सरावगीले बताइन्।

कार्यक्रममा समितिका अध्यक्ष थारूले अध्यक्ष सरावगीलाई पिउने पानीको समस्या समाधानमा सहयोग गरेकोमा दोसल्ला ओढाएर कदरपत्रसहित सम्मान गरेका थिए। कार्यक्रममा उपकार सेवा नेपालका सदस्यद्वय सुमन बगेडिया, अङ्कुर शर्मालगायतको सहभागिता थियो।का प्यालेस्टिनीहरूको सङ्ख्या ११,८०० भन्दा बढी पुगेको छ, जसमा ४३५ जना महिला, ७७५ बालबालिका र १३६ पत्रकार रहेका छन्।

बन्दी मामिला आयोग, प्यालेस्टिनी प्रिजनर्स क्लब, र प्रिजनर सपोर्ट एन्ड ह्युमन राइट्स एसोसिएशन (एडडमीर) ले संयुक्त विज्ञप्तिमा प्यालेस्टिनमाथि इजरायली आक्रमण शुरू भएदेखि प्रशासनिक नजरबन्द आदेश दश हजार नाघेको जनाएका छन्। जसमा नवीकरण आदेशहरू केही बालबालिका


## आगो, हिटर वा गिजर प्रयोगमा होशियारी अपनाऔं

> आगो वा हिटर नजीकबाट नतापौं,
> कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
> कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
> हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
> आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
> आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
> गिजरलाई बाथरूमबाहिर खुला ठाउँमा जडान गरौं,
> बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
> गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## अनिलको अर्द्धशतकीय पारीले जनकपुर बोल्ट्स लगातार विजयी

काठमाडौं, १७ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)मा कप्तान अनिलकुमार साहको अर्द्धशतकीय पारीको मदतमा जनकपुर बोल्ट्सले कर्णाली याक्सलाई आठ विकेटले पराजित गरेको छ। जनकपुर बोल्ट्स आफ्नो दोस्रो खेलमा लगातार विजयी भएको हो।

यस अघि शनिवार सम्पन्न पहिलो खेलमा जनकपुर बोल्ट्स विराटनगर किङ्ग्ससित आठ विकेटले नै विजयी भएको थियो। जीतसँगै जनकपुर बोल्ट्स अङ्कतालिकाको शीर्ष स्थानमा रहेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाउँदै १४१ रन बनायो। १४२ रनको विजयी लक्ष्य जनकपुर बोल्ट्सले १५ दशमलव एक ओभरमा मात्र दुई



कर्णाली याक्सविरुद्ध ब्याटिङ गर्दै जनकपुर बोल्ट्सका क्याप्टेन अनिलकुमार साह। तस्विरः रासस

विकेट गुमाएर पूरा गर्‍यो। जनकपुर बोल्ट्सका लागि कप्तान अनिलकुमार साहले अविजित ६२ रन बनाए। उनले ४२ बल खेल्ने क्रममा तीन छक्का र छ चौका प्रहार गरे।

यस्तै, आशिफ शेखले २९ बलमा दुई छक्का र दुई चौकाको मदतमा ३६ रनको योगदान दिए। श्रीलङ्काली खेलाडी लाहिरु मिलनथाले १३ बल खेल्दै दुई छक्का र दुई चौकासहित २४ रन बनाए। जिमी निशिमले आठ बलमा अविजित १६ रन बनाए। यसमा उनको एक छक्का र दुई चौका सामेल थियो।

बलिङतर्फ कर्णाली याक्सका लागि जिशम मकसुद र मौसम ढकालले एक/एक विकेट लिए।

यस अघि पहिला ब्याटिङ गरेर १४१ रनको योगफल तयार गर्ने क्रममा कर्णाली याक्सका लागि गुलशनकुमार झाले २७ बल खेल्दै तीन छक्का र एक चौकाको सहयोगमा सर्वाधिक ३६ रन जोडे। त्यस्तै, अर्जुन घर्तीले २२ बलमा दुई चौका र दुई छक्का हान्दै ३३ रन बनाए। यस्तै, कप्तान सोमपाल कामीले अविजित २९ रनको योगदान दिए। उनले १३ बल खेल्ने क्रममा एक छक्का र तीन चौका प्रहार गरे। भारतीय खेलाडी शिखर धवनले १४ बल खेल्दै तीन चौकाको मदतमा १४ रन बनाए। यस्तै, हडकडका बाबर हायातले १२ रन बनाए।

बलिङतर्फ जनकपुर बोल्ट्सका लागि पाकिस्तानी खेलाडी मोहम्मद मोहसिन खानले दुई, जिमी निशम, हर्ष ठाकरे, ललितनारायण राजवंशी र किशोर महतोले एक/एक विकेट लिए।

## चितवन राइनोजद्वारा काठमाडौं गुर्खाज पराजित

काठमाडौं, १७ मङ्सिर/रासस

नेपाल प्रिमियर लिगको दोस्रो खेलमा चितवन राइनोजले काठमाडौं गुर्खाजलाई पाँच विकेटले पराजित गरेको छ।

काठमाडौं गुर्खाजले जीतका लागि प्रस्तुत गरेको ११२ रनको लक्ष्य चितवन राइनोजले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर पूरा गर्‍यो। चितवनका लागि सन्तोष कार्कीले सर्वाधिक २८ रन बनाए। उनले ३१ बल खेल्ने क्रममा दुई चौका र एक छक्का प्रहार गरे। यस्तै, लुक बेन्केनस्टाइनले २२, हसन इशाखिलले १२, कप्तान कुशल मल्लले ११ र रवि बोपराले ११ तथा शरद भेषवाकरले अविजित ११ रन बनाए।

बलिङतर्फ काठमाडौं गुर्खाजका लागि शाहब आलमले तीन तथा गेहार्ड इरास्मस र डान डाउथवेटले एक/एक विकेट लिए।

यस अघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको काठमाडौंले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाउँदै १११ रन बनायो। काठमाडौंका लागि सुमित महर्जनले ४१ बल खेल्दै एक चौकाको



काठमाडौं गुर्खाजका खेलाडीको विकेट लिएपछि खुशियाली साटासाट गर्दै चितवन राइनोज टीम। तस्विरः रासस

सहयोगमा सर्वाधिक २९ रन जोडे। त्यस्तै, माइकल लेभिटले १६ बलमा चार चौका र एक छक्का हान्दै २५ रन बनाए। डान डाउथवेटले अविजित १९ र शङ्कर रानाले १६ रन बनाए।

बलिङतर्फ चितवन राइनोजका लागि सोहेल तनवीर एक्लैले पाँच विकेट लिए। उनले चार ओभर बलिङ गर्दै २१ रन खर्चिए। यस्तै, रिजन ढकाल, अमरसिंह राउटेला, कुशल मल्ल र लुक बेन्केनस्टाइनले एक/एक विकेट लिए।

## रूपन्देही क्रिकेट सङ्घद्वारा सात खेलाडीलाई मासिक सुविधा

भैरहवा (रूपन्देही), १७ मङ्सिर/रासस

रूपन्देही क्रिकेट सङ्घले चालू आर्थिक वर्षमा सातजना खेलाडीलाई मासिक सुविधा दिने निर्णय गरेको छ। खेलाडी कल्याणकारी कोष अन्तर्गत आर्थिक वर्ष २०८१/८२ का लागि मासिक रु पाँच हजार दिने गरी सातजना खेलाडी छनोट गरिएको सङ्घका अध्यक्ष हरिबहादुर थापाले जानकारी दिए।

थापाका अनुसार क्रिकेट खेलमा निरन्तर लागेका खेलाडीलाई पलायन हुनबाट रोक्न् कल्याणकारी कोषको मुख्य उद्देश्य हो। मासिक सुविधा पाउने खेलाडीमा सिनियरतर्फ दुईजना, यू-१९ तर्फ दुई र महिला क्रिकेट खेलाडीतर्फ तीनजना छन्।

"खेलाडीको संरक्षण गर्ने भनेर कल्याणकारी कोष खडा गरेका थियौं," अध्यक्ष थापाले भने, "कोषमा उपलब्ध रकमबाट खेलाडी संरक्षण रकम प्रदान गर्दै आइरहेका छौं।" सङ्घका अनुसार चालू आर्थिक वर्षमा सिनियरतर्फ कृष्ण कार्की र अजय चौहानले मासिक रु पाँच हजार सुविधा पाएका छन्।

यस्तै, यू-१९ तर्फ सन्तोष यादव र रमेश कुर्मीले यो सुविधा प्राप्त गर्दा महिलातर्फ कृति अधिकारी, सन्ध्या चापागाई र एन्जिला पाठकले मासिक सुविधा पाएका छन्।